**07-01-2021 ओम् शान्ति प्रातः मुरली "बापदादा" मधुबन**

**" मीठे बच्चे– जब यो विश्व स्वर्ग थियो , तिमी उज्यालोमा थियौ। अहिले अँध्यारोमा छौ , फेरि उज्यालोमा जानु छ ।"**

**प्रश्नः–** बाबाले बच्चाहरूलाई कुनचाहिँ एउटा कथा सुनाउन आउनु भएको छ?

**उत्तरः–** प्यारा बच्चाहरू! मैले तिमीलाई ८४ जन्मको कथा सुनाउँछु। तिमी जब पहिलो जन्ममा थियौ, एउटै दैवी धर्म थियो। फेरि तिमीले नै दुई युगपछि ठूला-ठूला मन्दिर बनायौ। भक्ति सुरु गर्‍यौ। अहिले तिम्रो यो अन्तिमको पनि अन्तिम जन्म हो। तिमीले पुकार्‍यौ– दु:ख-हर्ता, सुख-कर्ता आउनुहोस्। अब म आएको छु।

**गीतः–** आज अन्धेरे में हैं इन्सान...

**ओम् शान्ति।** तिमी बच्चाहरूलाई थाहा छ– अहिले यो कलियुगी दुनियाँ हो, सबै अन्धकारमा छन्। पहिला उज्यालोमा थिए, जब दुनियाँ स्वर्ग थियो। यिनीहरूले नै अहिले आफूलाई हिन्दु भन्छन्। यी वास्तवमा देवी-देवता थिए। यहाँ स्वर्गवासी थिए, जब अरू कुनै धर्म थिएन। एउटै धर्म थियो। स्वर्ग, वैकुण्ठ, बहिश्त, हेभन– यी सबै यस भारतवर्षका नाम थिए। भारतवर्ष पवित्र, प्राचीन एवं धनवान थियो। अहिले त कंगाल बनेको छ किनकि अहिले कलियुग हो। तिमीले जानेका छौ– हामी अन्धकारमा छौं। स्वर्गमा हुँदा, उज्यालोमा थियौं। स्वर्गका राजराजेश्वर, राजराजेश्वरी श्री लक्ष्मी-नारायण थिए। त्यसलाई सुखधाम भनिन्छ। बाबाबाट नै तिमीले स्वर्गको वर्सा लिनु छ, जसलाई जीवनमुक्ति भनिन्छ। अहिले त सबै जीवन बन्धनमा छन्। सारा दुनियाँ रावणको जेलमा, शोक वाटिकामा छन्। यस्तो होइन, रावण केवल लंकामा थियो र राम भारतमा थिए, उसले आएर सीतालाई हरेर लग्यो। यो त सबै हो दन्त्य कथा। गीता हो मुख्य, सर्वशास्त्रमयी शिरोमणि भागवत अर्थात् भगवानले सुनाउनु भएको। यहाँ मनुष्यले त कसैको सद्गति गर्न सक्दैन। सत्ययुगमा थिए जीवनमुक्त देवी-देवताहरू। जसले यो वर्सा कलियुगको अन्त्यमा पाएका थिए। हिन्दुहरूलाई यी कुरा थाहा छैन, न कुनै शास्त्रमा छन्। शास्त्रमा छन् भक्ति मार्गका ज्ञान। सद्गति मार्गको ज्ञान मनुष्य मात्रमा बिलकुलै छैन। सबै भक्ति सिकाउनेहरू छन्। भन्छन्– शास्त्र पढ, दान-पुण्य गर। यो भक्ति द्वापरबाट चल्दै आउँछ। सत्ययुग र त्रेतामा हुन्छ ज्ञानको प्रारब्ध। यस्तो होइन, त्यहाँ पनि यो ज्ञान चल्दै आउँछ। यो जुन वर्सा मिलेको थियो, बाबाबाट नै संगमयुगमा मिलेको हो, जुन फेरि अहिले तिमीलाई मिलिरहेको छ। भारतवासी जब नर्कवासी बेहद दु:खी बन्छन्, तब पुकार्छन्– हे पतित-पावन दु:खहर्ता, सुखकर्ता! कसको? सबैको। किनकि सारा दुनियाँ सबैमा ५ विकार छन्। बाबा हुनुहुन्छ पतित-पावन। बाबा भन्नुहुन्छ– म हर कल्प-कल्प, कल्पको संगमयुगमा आउँछु। सबैको सद्गतिदाता बन्छु। अहिल्या, गणिका अनि जो गुरुहरू छन्, उनीहरू सबैको उद्धार मैले नै गर्नुपर्छ किनकि यो त हो नै पतित दुनियाँ। पावन दुनियाँ सत्ययुगलाई भनिन्छ। यहाँ यी लक्ष्मी-नारायणको राज्य थियो। हिन्दुहरूले यो जानेका छैनन्– यी स्वर्गका मालिक थिए। पतित खण्ड अर्थात् झुट खण्ड, पावन खण्ड अर्थात् सत्य खण्ड। भारतवर्ष पावन खण्ड थियो। यो भारतवर्ष हो अविनाशी खण्ड, जुन कहिल्यै विनाश हुँदैन। जब यी लक्ष्मी-नारायणको राज्य थियो, अरू कुनै खण्ड थिएन। अरू सबै पछि आउँछन्। मानिसहरूले त कल्पको आयु लाखौं वर्ष लेखिदिएका छन्। बाबा भन्नुहुन्छ– कल्पको आयु ५ हजार वर्ष हो। उनीहरूले फेरि भनिदिन्छन्– मनुष्यले ८४ लाख जन्म लिन्छ। मनुष्यलाई कुकुर, बिरालो, गधा, आदि सबै बनाइदिएका छन्। तर कुकुर, बिरालोको जन्म अलग हुन्छ, ८४ लाख भेराइटी छन्।

मनुष्यको त एउटै भेराइटी छ। उनको नै ८४ जन्म हुन्छ। बाबा भन्नुहुन्छ– हिन्दुहरूले आफ्नो धर्मलाई ड्रामा योजना अनुसार बिर्सिएका छन्। कलियुगको अन्त्यमा बिलकुलै पतित बनेका छन्। फेरि बाबा संगमयुगमा आएर पावन बनाउनु हुन्छ। यसलाई भनिन्छ दुःखधाम। फेरि सुखधाम बन्छ। बाबा भन्नुहुन्छ– हे बच्चाहरू! तिमी स्वर्गवासी थियौ, फेरि ८४ जन्मको सिँढी झर्छौ। सतोबाट रजो, तमोमा अवश्य आउनु पर्छ। तिमी देवताहरू जस्तो धनवान सदा खुसी, स्वस्थ र सम्पन्न कोही हुँदैन। भारतखण्ड कति धनवान थियो। हीरा-जुहारत त पत्थर समान थिए। दुई युगपछि भक्तिमार्गमा यति भव्य मन्दिर बनाउँछन्। ती कति भव्य मन्दिर बनाए। सोमनाथको मन्दिर सबैभन्दा ठूलो थियो। केवल एउटा मात्रै मन्दिर त थिएन। अरू राजाहरूका पनि मन्दिर थिए। कति लुटेर लिएर गए। बाबाले तिमी बच्चाहरूलाई स्मृति दिलाउनु हुन्छ। तिमीलाई कति धनवान बनाएको थिएँ। तिमी सर्वगुण सम्पन्न, १६ कला सम्पूर्ण थियौ, यथा महाराजा-महारानी। उनीहरूलाई भगवान-भगवती पनि भन्न सकिन्छ। तर बाबाले सम्झाउनु भएको छ– भगवान एक हुनुहुन्छ। उहाँ बाबा हुनुहुन्छ। केवल ईश्वर वा प्रभु भन्नाले पनि याद आउँदैन। उहाँ सबै आत्माहरूका पिता हुनुहुन्छ। बाबाले बसेर कथा सुनाउनु हुन्छ। यो तिम्रो धेरै जन्महरूको अन्तिम जन्म हो। एक जनाको मात्र कुरा होइन। न कुनै युद्धको मैदान आदि हो। सबैले यो कुरा बिर्सेका छन्– हाम्रो राज्य थियो। सत्ययुगको अवधि लामो बनाइदिएकाले धेरै टाढा पुर्याएका छन्। बाबा आएर सम्झाउनु हुन्छ– मनुष्यलाई भगवान भन्न सकिँदैन। मनुष्यले कसैको सद्गति गर्न सक्दैन। भनाइ पनि छ– सर्वका सद्गति दाता, पतितलाई पावन कर्ता एक हुनुहुन्छ। एउटै सत्य बाबा हनुहुन्छ, जो सत्य खण्डको स्थापना गर्नेवाला हुनुहुन्छ। पूजा पनि गर्छन्, तर भक्ति मार्गमा तिमीले जसलाई पूजा गर्दै आयौ, कसैको पनि जीवनीलाई जानेका छैनौ। त्यसैले बाबा सम्झाउनु हुन्छ, तिमीले शिवजयन्ती त मनाउँछौ नि। बाबा हुनुहुन्छ नयाँ दुनियाँको रचयिता, स्वर्ग स्थापना गर्ने पिता, बेहद सुख दिनेवाला। सत्ययुगमा धेरै सुख थियो। त्यो कसले र कसरी स्थापना गर्यो? यो बाबाले नै बसेर सम्झाउनु हुन्छ। नर्कवासीलाई आएर स्वर्गवासी बनाउनु वा भ्रष्टाचारीलाई श्रेष्ठाचारी देवता बनाउनु– यो त बाबाको नै काम हो। बाबा भन्नुहुन्छ– मैले तिमी बच्चाहरूलाई पावन बनाउँछु। तिमी स्वर्गको मालिक बन्छौ। तिमीलाई पतित कसले बनाउँछ? यो रावणले। मनुष्यले भनिदिन्छन्– दुःख पनि ईश्वरले नै दिनुहुन्छ। बाबा भन्नुहुन्छ– मैले त सबैलाई यति सुख दिन्छु, त्यसपछि तिमीले आधाकल्प बाबालाई स्मरण गर्दैनौ। फेरि जब रावण राज्य हुन्छ, अनि सबैको पूजा गर्न थाल्छौ। यो हो तिम्रो धेरै जन्महरूको अन्त्यको जन्म। सोध्छन्– बाबा हामीले कति जन्म लियौं? बाबा भन्नुहुन्छ– हे! प्यारा बच्चाहरू! अब तिमीलाई बेहदको वर्सा दिन्छु। प्यारा बच्चाहरू! तिमीले ८४ जन्म लिएका छौ। अहिले तिमी २१ जन्मको लागि बाबासँग वर्सा लिन आएका छौ। सबै त एकैचोटि आउँदैनन्। तिमीले नै सत्ययुगको सूर्यवंशी पद फेरि लिन्छौ अर्थात् सत्य बाबाद्वारा सत्य नरबाट नारायण बन्ने ज्ञान सुन्छौ। यो हो ज्ञान, त्यो हो भक्ति। शास्त्र आदि सबै हुन् भक्ति मार्गको लागि। ती ज्ञान मार्गको लागि होइनन्। यो हो आध्यात्मिक रूहानी ज्ञान। रूहानी बाबा बसेर ज्ञान दिनुहुन्छ। तिमी बच्चाहरू देही-अभिमानी बन्नुपर्छ। आफूलाई आत्मा निश्चय गरेर म एकलाई याद गर। बाबा सम्झाउनु हुन्छ– आत्मामा नै राम्रा र नराम्रा संस्कार हुन्छन्, जस अनुसार नै मनुष्यलाई राम्रो वा नराम्रो जन्म मिल्छ। बाबा बसेर सम्झाउनु हुन्छ– यी जो पावन थिए, अन्तिम जन्ममा पतित छन्। तत् त्वम्। मलाई यस पुरानो रावणको दुनियाँ, पतित दुनियाँमा आउनु पर्छ। आउनु पनि उस तनमा पर्छ, जो फेरि पहिलो नम्बरमा जान्छन्। सूर्यवंशीले नै पूरा ८४ जन्म लिन्छन्। यी हुन् ब्रह्मा अनि ब्रह्मावंशी ब्राह्मण। बाबाले सम्झाउन त दिनहुँ सम्झाउनु हुन्छ। पत्थरबुद्धिलाई पारसबुद्धि बनाउन त्यति सहज छैन। हे आत्माहरू! अब देही-अभिमानी बन। हे आत्माहरू! एक बाबालाई याद गर अनि राजाईलाई याद गर। देहका सम्बन्धहरूलाई छोड। मर्नु त सबैलाई पर्छ। सबैको वानप्रस्थ अवस्था छ। एक

सद्गुरु सिवाय सबैको सद्गति दाता अरू कोही हुन सक्दैन। बाबा भन्नुहुन्छ– हे प्यारा बच्चाहरू! तिमीहरू सबैभन्दा पहिला मबाट बिछोडिएका हौ। गायन गरिन्छ– आत्मा परमात्मा अलग रहे बहुकाल... सबैभन्दा पहिला तिमी देवी-देवता धर्मका नै आएका हौ, अरू धर्मावलम्बीको थोरै जन्म हुन्छ। सारा चक्र कसरी घुम्छ? यसको बारेमा बाबाले बसेर सम्झाउनु हुन्छ। जसले धारणा गराउन सक्दैनन्, उनको लागि पनि धेरै सहज छ। आत्माले नै धारणा गर्छ। पुण्यात्मा, पापात्मा बन्छ नि। तिम्रो यो ८४ औं अन्तिम जन्म हो। तिमीहरू सबै वानप्रस्थ अवस्थामा छौ। वानप्रस्थ अवस्था हुनेले गुरु बनाउँछन्, मन्त्र लिनको लागि। तिमीले त अब देहधारी गुरु बनाउनु पर्ने आवश्यकता छैन। म तिमीहरू सबैको बाबा, शिक्षक, गुरु हुँ। मलाई भन्छौ नै हे पतित-पावन शिवबाबा। अहिले स्मृति आएको छ। सबै आत्माहरूका पिता हुनुहुन्छ। आत्मा सत्य छ, चैतन्य छ किनकि अमर छ। सबै आत्माहरूमा पार्ट भरिएको छ। बाबा पनि सत्य, चैतन्य हुनुहुन्छ। उहाँ मनुष्य सृष्टिका बीजरूप हुनाको कारणले भन्नुहुन्छ– मैले सारा वृक्षको आदि, मध्य, अन्त्यलाई जान्दछु। त्यसैले मलाई ज्ञानका सागर भनिन्छ। तिमीलाई पनि सारा ज्ञान छ– बीजबाट वृक्ष कसरी निस्कन्छ। वृक्ष ठूलो हुन समय लाग्छ नि। बाबा भन्नुहुन्छ– म बीजरूप हुँ। अन्त्यमा सारा वृक्ष जीर्ण हुन्छ। अहिले हेर देवी-देवता धर्मको जग नै छैन। प्राय: लोप भएको छ। जब देवता धर्म लोप हुन थाल्छ अनि बाबालाई आउनु पर्छ। एक धर्मको स्थापना गरेर बाँकी सबैलाई विनाश गराइदिनुहुन्छ। प्रजापिता ब्रह्माद्वारा बाबाले स्थापना गराइरहनु भएको छ, आदि सनातन देवी-देवता धर्मको। सारा ड्रामा यस्तो पनि बनेको छ। यसको अन्त्य हुँदैन। बाबा आउनु हुन्छ अन्त्यमा, जब सृष्टिको आदि-मध्य-अन्त्यको ज्ञान सुनाउनु पर्ने हुन्छ। त्यसैले अवश्य संगममा आउनु हुन्छ। तिम्रो एक बाबा हुनुहुन्छ। आत्माहरू सबै भाइ-भाइ हुन्। मूल वतनमा रहने उहाँ बाबालाई सबैले याद गर्छन्। दु:खमा सबैले स्मरण गर्छन्। रावण राज्यमा दु:ख छ नि। यहाँ स्मरण गर्छन्। बाबा सबैका सद्गति दाता एक हुनुहुन्छ। उहाँको नै महिमा छ। बाबा नआउने हो भने दुनियाँलाई स्वर्ग कसले बनाउन सक्छ? इस्लामी आदि जति पनि छन्, सबै यतिबेला तमोप्रधान छन्। सबैले पुनर्जन्म त अवश्य लिनु छ। अहिले पुनर्जन्म मिल्छ, नर्कमा। यस्तो होइन, स्वर्गमा जान्छन्। जसरी हिन्दुहरूले भन्छन्– स्वर्गवासी भयो। त्यसैले अवश्य नर्कमा थियो नि। अहिले स्वर्गमा गयो, तिम्रो मुखमा गुलाब। स्वर्गवासी भएकोलाई फेरि नर्कको आसुरी वैभव किन खुवाउँछौ? बंगालमा माछा आदि पनि खुवाउँछन्। अरे, उनलाई यी सबै खानु पर्ने के आवश्यकता छ? भन्छन्– फलाना पार निर्वाण गयो। बाबा भन्नुहुन्छ– यी सबै हुन् गफ। फर्केर कोही पनि जान सक्दैन, जबकि पहिलो नम्बरको आत्मालाई पनि ८४ जन्म लिनु पर्ने हुन्छ।

बाबा सम्झाउनु हुन्छ– यसमा कुनै कष्ट छैन। भक्तिमार्गमा कति कष्ट हुन्छ। राम-राम जप्दा रोमाञ्च खडा हुन्छ। त्यो सबै हो भक्तिमार्ग। यी सूर्य, चन्द्रमा पनि तिमीले जानेका छौ– प्रकाश दिने चीज हुन्। यी कुनै देवता कहाँ हुन् र! वास्तवमा ज्ञान सूर्य, ज्ञान चन्द्रमा, ज्ञान सितारा हुन्। उनीहरूको महिमा हो। उनले फेरि भनिदिन्छन्– सूर्य देवताय नम:। तिनलाई देवता मानेर जल चढाउँछन्। बाबा सम्झाउनु हुन्छ– यो सबै हो भक्तिमार्ग, जुन फेरि पनि हुन्छ। पहिला हुन्छ अव्यभिचारी भक्ति एक शिव बाबाको, फेरि देवताहरूको, फेरि झर्दै झर्दै अहिले त हेर त्रि-बाटोलाई पनि माटोको दियो बालेर, तेल आदि राखेर त्यसलाई पनि पूजा गर्छन्। तत्वहरूको पनि पूजा गर्छन्। मनुष्यको पनि चित्र बनाएर पुज्छन्। अब यसबाट प्राप्ति त केही पनि हुँदैन। यी कुरालाई तिमी बच्चाहरूले नै बुझेका छौ। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी

बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

**धारणाको लागि मुख्य सारः–**

१) आत्माबाट नराम्रो संस्कार निकाल्नको लागि देही-अभिमानी रहने अभ्यास गर्नु छ। यो अन्तिम ८४ औं जन्म हो, वानप्रस्थ अवस्था हो। त्यसैले पुण्यात्मा बन्ने मेहनत गर्नु छ।

२) देहका सबै सम्बन्धहरूलाई छोडेर एक बाबालाई र राजाईलाई याद गर्नु छ। बीज र वृक्षको ज्ञान स्मरण गरेर हर्षित रहनु छ।

**वरदानः–** **विश्व परिवर्तनको श्रेष्ठ कार्यको जिम्मेवारी निर्वाह गर्दै डबल लाइट रहने आधारमूर्त भव**

जो आधारमूर्त हुन्छन्, उनीहरूमाथि नै सारा जिम्मेवारी हुन्छ। अहिले तिमीले जुन रूपबाट, जहाँ पनि कदम उठाउँछौ, अनेक आत्माहरूले तिमीलाई अनुसरण गर्छन्। यो जिम्मेवारी छ। तर यो जिम्मेवारीले अवस्था बनाउनमा धेरै मदत गर्छ किनकि यसद्वारा धेरै आत्माहरूको आशीर्वाद मिल्छ, जसले गर्दा जिम्मेवारी हल्का हुन्छ। यो जिम्मेवारीले थकावट मेटाउँछ।

**स्लोगनः–** दिल र दिमाग दुवैको सन्तुलन मिलाएर सेवा गर्नाले सफलता मिल्छ।